# दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल
# विधान २०७३

## <u>प्रस्तावना</u>

सुखी, सम्बृद्धि र सम्मानजनक जीवन जिउने सबै मानव जातिको चाहना हो । समतामुलक, समावेशी र दिगो विकासबाट मात्र यो संभव हुन सक्छ । यसको लागि मानव जातिले निरन्तर प्रयत्न गर्दै आएको पनि छ । आधुनिकीकरणको नाममा भैरहेको विकृति तथा विसंगतीहरु, भुमण्डलीकरण, आर्थिक उदारीकरण, जनसंख्या वृद्धि, सामाजिक भेदभाव, असमानता, गरिवी, बेरोजगारी, प्राकृतिक प्रकोप, वातावरणीय ह्रास, जलवायु परिवर्तन, भौगोलिक विकटता, सामाजिक कुरीति र पछौटेपन, राजनीतिक अस्थिरता, असल नेतृत्वको अभाव, कुशासन र उपलब्ध साधन र श्रोतको न्युन उपयोग तथा अन्यायपूर्ण उपभोग र वितरण जस्ता कारणहरुले विश्वका अतिकम विकसित मुलुकका मानिसहरु अझै अशान्ति, गरिबी, खराव स्वास्थ्य, कुपोषण, अभाव, अशिक्षा, हिंसा, आतंक, शोषण, दमन, अपर्याप्त पूर्वाधार सेवा, प्राविधिक पछौटेपन, भ्रष्टाचार, न्यून जीवनस्तरको जीवनशैली जस्ता समस्या झेलिरहनु परेको छ । यो विकृतपूर्ण र दुरावस्थाबाट मुक्ति पाउनको लागि विश्वका न्यायप्रेमी जनसमुदायहरुले अझै मेहनत गर्नु पर्ने भएको छ । शान्ति, लोकतन्त्र, मानवअधिकार, सुशासन र सम्बृद्धि मार्फत सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरण गर्दै सभ्य, सुसंस्कृति, समुन्नत र सामाजिक न्यायमा आधारित आधुनिक समाज स्थापना गर्नको लागि नागरिकहरुको स्वत:स्फूर्त प्रयासको आवश्यकता महसुस गरी त्यसको स्थापना र संचालन गर्ने उद्देश्यले संस्था दर्ता ऐन २०३४ को अधिनमा रही ***दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल*** नामक गैरनाफामुलक सामाजिक संस्थाको स्थापना र सञ्चालन गर्न यो विधान बनाई जारी गरिएको छ ।

## परिच्छेद-१

### प्रारम्भ

१. **<u>संस्थाको नाम</u>** : यस संस्थाको नाम ***दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल*** रहनेछ र अंग्रेजीमा ***National Campaign for Sustainable Development Nepal*** भनिनेछ । यसलाई छोटकरीमा ***NACASUD*** लेखिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :

यस संस्थाको कार्यालय - ***धुलिखेल नगरपालिका वडा नं ५, काभ्रेपलाञ्चोक***मा रहनेछ । आवश्यकता अनुसार कार्यसमितिकाले निर्णय गरी शाखा, उपशाखा सम्पर्क कार्यालय खोल्न सक्नेछ । तर अन्यत्र कार्यालय खोल्दा सम्बन्धित स्थानीय अधिकारीको पूर्वस्वीकृत लिइने छ ।

(ख) संस्थाको कार्यक्षेत्र :

यस संस्थाको कार्यक्षेत्र काभ्रेपलाञ्चोक जिल्ला भरी हुनेछ । आवश्यकता अनुसार सम्वन्धित जिल्लाको स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल राज्यभित्र कार्य क्षेत्र विस्तार गरिनेछ ।

(ग) प्रारम्भ :

यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तित्व :

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैरनाफामूलक, गैरराजनैतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) “विधान” भन्नाले ***दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल*** को विधान अथवा पछि कुनै संशोधन गरिएको खण्डमा सो संशोधित विधानलाई समेत जनाउँदछ ।

(ख) “संस्था” भन्नाले ***दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल*** र सो अर्न्तगतका शाखा कार्यालय समेतलाई जनाउँछ ।

(ग) “कार्य समिति” भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।

(घ) “साधारण सभा” भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।

(ङ) “पदाधिकारी” भन्नाले यस विधानमा व्यवस्था भए बमोजिम संस्थाका पदाधिकारीहरुलाई जनाउँदछ ।

(च) “नियम, विनियम” भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियमहरुलाई जनाउँदछ ।

(छ) “स्थानीय अधिकारी” भन्नाले संस्था दर्ता ऐन २०३४ अनुसार संस्था दर्ता गर्न अधिकार प्राप्त अधिकारीलाई जनाउँदछ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो विधान र यस विधान अर्न्तगत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

झ) “स्थानीय निकाय” भन्नाले गाउँ विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र जिल्ला विकास समितिलाई जनाउँदछ ।

(ञ) “अध्यक्ष” भन्नाले यस संस्थाको कार्य समितिको अध्यक्षलाई जनाउँदछ ।

(ट) “सदस्य” भन्नाले यस यस विधान बमोजिम सदस्यता प्राप्त गर्ने व्यक्ति वा संस्थालाई जनाउँदछ ।

(ठ) “आर्थिक वर्ष” भन्नाले श्रावण १ गतेदेखि आषाढ मसान्तसम्मलाई जनाउँदछ ।

(ड) “सल्लाहकार” भन्नाले यस संस्थाको कार्य समितिले नियुक्त गरेका सल्लाहकारहरुलाई जनाउँदछ ।

(ढ) “निर्वाचन अधिकृत” भन्नाले यस विधान बमोजिम नियुक्त निर्वाचन अधिकृतलाई सम्झनु पर्छ ।

**३. संस्थाको चिन्ह वा छाप :**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह (लोगो) हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरुन्त संशोधन गरिनेछ ।

# परिच्छेद -२

# उद्देश्य

**४. संस्थाको उद्देश्यहरु :**

लोकतान्त्रिक मूल्य मान्यता र मानव अधिकारको रक्षा गर्दै समानताको आधारमा सामाजिक न्याय स्थापनाको लागि नागरिकहरुको तर्फबाट योगदान गर्ने यस संस्थाको मुख्य उद्देश्य हुनेछ भने यसका विशिष्ट उद्देश्यहरु निम्न बमोजिम हुनेछन् :

(क) सीमान्तकृत, उत्पीडनमा परेका वर्ग, लिंग, क्षेत्र र समुदायहरुको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको सुनिश्चितताको लागि योगदान गर्ने ।

(ख) अधिकारमुखी विकासको लागि सार्वजनिक नीति, नियम वा रणनीति तर्जुमा तथा तिनीहरुको प्रभावकारी कार्यान्वयनको लागि नागरिकहरुको तर्फबाट योगदान पुऱ्याउने ।

(ग) सार्वजनिक जवाफदेहिता र सुशासनको प्रवर्धनमा नागरिकहरुको तर्फबाट योगदान पुऱ्याउने ।

(घ) यो संस्था मुनाफारहित जनहितकारी सामाजिक संस्था हुनेछ ।

## ५. <u>संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :</u>

उपरोक्त उद्देश्यहरु प्राप्त गर्न संस्थाले नेपालको प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गरी देहायका कार्यहरु गर्नेछ ।

(क) अध्ययन अनुसन्धानका कार्यहरु गर्ने,

(ख) अभिमुखीकरण, सचेतना, तालिम, कार्यशाला गोष्ठी, सेमिनार, अन्तरक्रिया, संवाद, छलफल, सम्मेलन, सुनुवाइ जस्ता क्रियाकलापहरु गर्ने ।

(ग) नागरिकहरुको तर्फबाट वकालत, पैरवी, अभियान, परिचालन, निगरानी, अनुगमनका कार्यहरु गर्ने ।

(घ) शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संचार, जीविकोपार्जन जस्ता आधारभूत सेवा प्रवाहमा सीमान्तकृत वर्ग, क्षेत्र र समुदायहरुको पहुँच बृद्धिको लागि योगदान पुग्ने खालका परियोजना तथा कार्यक्रमहरु संचालन गर्ने ।

(ङ) समान उद्देश्य र कार्यक्रम लिई हिडेका संघ संस्थाहरु बीच संजाल निर्माण र तिनीहरुको सुदृढिकरणमा योगदान पुऱ्याउने ।

(च) नागरिक संगठनहरुको प्रभावकारिता र जवाफदेहिताको लागि भूमिका खेल्ने ।

(छ) स्वदेशी तथा विदेशी संघ, संस्था, व्यक्तिसँग सम्पर्क, समन्वय र भाइचारा सम्बन्ध बढाई ज्ञान, सीप, सहयोग आदानप्रदान गर्ने ।

(ज) संस्थालाई आवश्यक पर्ने भवन निमार्ण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टेलिफोन, फ्याक्स, फर्निचर जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(झ) लेख, रचना, पुस्तक, वेवसाइट, पम्प्लेट, बुलेटिन, विज्ञापन तथा श्रव्य, दृश्य प्रकाशित गर्ने वा देखाउने ।

(ञ) संस्थाको आर्थिक कोष वृद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालन गर्ने र विभिन्न संघ संस्था तथा व्यक्तिसँग सम्पर्क, सम्वन्ध बढाई सहयोग आदानप्रदान गर्ने ।

(ट) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तीनको सेवा शर्तहरु निर्धारण गर्ने ।

(ठ) संस्थाले आफ्नो मातहतका कर्मचारी तथा कर्मचारी सरह कार्य गर्ने व्यक्तिहरुका सम्वन्धमा आवश्यक आचारसंहिता, काम, कर्तव्य सेवा शर्त लगायत आवश्यक निर्देशिका तर्जुमा गरी लागू गर्ने ।

(ड) संस्थाले आफ्नो उद्देश्य पूरा गर्न चाहिने आवश्यक अन्य विविध कार्यहरु गर्ने ।

# परिच्छेद - ३

## सदस्यता

**६. <u>सदस्यहरुको बर्गीकरण :</u>**

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गीकरण गरीएको छ :

क) साधारण सदस्य :

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख) आजीवन सदस्य :

संस्थाको विकासको लागि विशेष सहयोग दान पुऱ्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अर्न्तगत आजीवन सदस्यता प्रदान गरिनेछ ।

ग) मानार्थ सदस्य :

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**७. <u>सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :</u>**

यस संस्थाका सदस्यको लागि देहाय बमोमिको योग्यता पुगेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक भएको ।

(ख) १६ वर्ष उमेर पूरा गरेको ।

(ग) मानसिक सन्तुलन नगुमाएको ।

(घ) सार्वजनिक सम्पति हिनामिना गरेको नठहरेको ।

(ङ) नैतिक पतन देखिने फौजदारी वा भ्रष्टचार अभियोगमा सजाय नपाएको ।

(च) विकास सेवाको भावनाबाट प्रेरित ब्यक्ति एंव संस्था वा संस्थाको कार्यक्रममा समर्थन, योगदान वा आर्थिक सहायताद्वारा संस्थाको उद्देश्य प्राप्तिको लागि सघाउ पुऱ्याउन ईच्छुक कुनै पनि व्यक्ति वा संघ संस्था यस संस्थाको सदस्य बन्न योग्य मानिनेछ ।

**८. <u>संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था</u> :**

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

(क) १६ वर्ष उमेर पुरा नभएको ।

(ख) गैर नेपाली नागरिक ।

(ग) मानसिक सन्तुलन गुमाएको ।

(घ) नैतिक पतन हुने फौजदारी मुद्दामा सजाय हुने अपराध गरे वापत दोषी ठहरी सजाय पाएको ।

(ङ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरेको ।

(च) सम्वन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

(छ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेका अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको ।

(ज) संस्थाको सदस्यता शुल्क बुझाउन बाँकी रहेको वा तोकिएको समयभित्र सदस्यता नविकरण नगरेको ।

झ) साधारणसभाले पारीत गरेको अन्य अवस्था ।

## ९. सदस्यताको समाप्ती :

(१) देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको बहाल रहने छैन ।

- (क) सदस्यले आफनो पदबाट दिएको राजीनामा स्वीकृत भएमा ।
- (ख) साधारण सभाको ७५ प्रतिशतको सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव स्वीकृत गरेमा ।
- (ग) विधानको धारा ८ अनुसारको अवस्थामा भएमा ।
- (घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।
- (ङ) संस्थाको धन वा रकम हिनामिना गरेमा ।
- (च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।
- (छ) संस्था विघटन भै खारेज भएमा ।
- (ज) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

(२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइनेछ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

यस विधानको दफा ६ बमोजिम सदस्यहरुले देहाय बमोजिमको उपदफा तोकिएको शुल्क तिरी, सदस्यता प्राप्त गर्न सक्नेछन् ।

(१) साधारण सदस्य :

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क वापत रु ५०० र सदस्यता शुल्क वापत रु. ५०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क रु. ३०० बुझाउनु पर्नेछ ।

ग) संस्था दर्ता भए पश्चात उपरोक्त योग्यता पूरा गरेका कुनै ईच्छुक व्यक्तिले सदस्य बन्न चाहेमा तोकिएको ढाँचामा आवेदन फारम भर्नु पर्नेछ  र बिद्यमान कुनै दुई सदस्यले सिफारिस गरेको हुनु पर्नेछ । सदस्यता वितरण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

घ) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष असोज महिनाको मसान्त भित्र नविकरण गराई सक्नुपर्नेछ र त्यस पछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

(२) आजीवन सदस्य :

संस्थामा एकमुष्ट रु. ५००० बुझाई आजीवन सदस्यताको माग गर्ने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ । आजीवन सदस्यले बार्षिक नविकरण गर्नु पर्ने छैन ।

(३) मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

(४) कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईनेछ ।

(५) सबै सदस्यहरुले यस विधान र विधान अर्न्तगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

(६) संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद - ४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. <u>साधारण सभाको गठन :</u>

(१) साधारण सभा संस्थाको सर्वोच्च अङ्ग हुनेछ । यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु संस्थाको साधारणसभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारणसभा बस्नेछ ।

(ख) विशेष सधारण सभा : संस्थाको कार्य समितिले निर्णय गरेमा वा कूल सदस्य संख्याको एक चौथाई सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तीमा १५ दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष साधारण सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

(३) यस संस्थाको प्रथम वार्षिक साधारणसभा संस्था दर्ता भएको मितिले छ महिना भित्रमा गरिनेछ र त्यसपछिको वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिनेछ ।

(४) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगाबै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल गर्ने विषय खोली सवै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

(५) उप दफा ४ बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

(६) साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१२. <u>साधारण सभाको काम, कर्तव्य र अधिकार :</u>**

(क) कार्य समितिले पेश गरेको नीति, योजना कार्यक्रमहरु र बार्षिक बजेट पारीत गर्ने ।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखा परीक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको बार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तरगत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट संस्थाको हित अनुकूल भएका काम कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि संस्थाको विभिन्न काम कारबाहीहरुको मूल्यांकन उचित सुझावहरुको संकलन एंव नीति निर्धारण गर्ने ।

(ञ) कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ट) यस विधानमा उल्लेखित उद्देश्य अनुसारको अन्य कार्य गर्ने गराउने ।

**१३. <u>कार्य समितिको गठन :</u>**

(१) साधारणसभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु सहित ९ देखि १३ जनाको एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ६ |

(२) कार्य समितिको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

(३) बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्य पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका सदस्यको मनोनित कार्य समितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्य बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ । तर अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निमित्त निर्वाचन प्रकृयाद्धारा पदपूर्ति गरिनेछ ।

## १४. कार्य समितिको काम, कतर्व्य र अधिकार :

(१) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

(२) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(३) संस्थाको हितमा हुने कार्यक्रमहरु संचालन गर्ने ।

(४) साधारण सभा प्रति उत्तरदायी रहने ।

(५) संस्थाको उद्देश्य प्राप्तीका लागि उपलव्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

(६) संस्थाको कार्यसम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन गर्ने ।

(७) संस्थाको कोष र सम्पक्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली संचालन गर्ने ।

(८) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धित कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(९) संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरी दिने ।

(१०) संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

## १५. पद त्याग गर्न सक्ने :

अध्यक्षले उपाध्यक्ष मार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १६. अन्य समितिहरु :

(१) यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ । तर साधारणसभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

(२) उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## १७. कार्य समितिको बैठक

(१) कार्य समितिको बैठक अध्यक्षले बोलाउनेछ । कार्य समितिको बैठक कम्तीमा ४ महीनाको एक पटक बस्ने छ । तर, आवश्यकता अनुसार बीचबीचमा समेत बस्न सक्ने छ । तर कार्य समितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्य समितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

(२) कार्य समितिका पदाधिकारीहरुको कूल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभै, कार्य समितिको बैठक बस्ने छैन ।

(३) कार्य समितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ । कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएमा अन्य बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(४) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(५) कार्य समितिको बैठकमा छलफल भएका विषयहरु र त्यसका निर्णय छुट्टै निर्णय पुस्तिाकामा लेखी राखिनेछ र सो निर्णय विवरणमा अध्यक्षले प्रमाणित गरी राख्नुपर्नेछ । तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली फरक मत जाहेर गर्न सक्नेछ ।

(६) संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्य समितिको निर्णयबाट हुनेछ ।

(७) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्वन्धमा कार्य समितिका सवै पदाधिकारीहरु लिखित सहमत भएमा त्यस्तो सहमतिलाई बैठक बिना पनि कार्यान्वयन गर्न सकिनेछ । तर उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठक सरह मानिनेछ ।

# परिच्छेद - ५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७. <u>पदाधिकारीहरुको काम , कर्तव्य, तथा अधिकार :</u>** कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार :

- क) समिति र साधारण सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।
- ख) निर्णायक मत दिने,
- ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।
- घ) संस्थाको नेतृत्व लिने ।
- ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन महासचिवलाई निर्देशन दिने ।
- च) अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।
- छ) निर्णय पुस्तिका तथा अन्य अभिलेखहरु प्रमाणित गर्ने ।
- ज) कुनै पदाधिकारी वा सदस्यको कामको बाँडफाँड गर्ने र निर्देशन दिने ।
- झ) कुनै पदाधिकारीको अनुपस्थितीमा सो पदाधिकारीले गर्ने काम अन्य कुनै पदाधिकारी वा सदस्यलाई गराउन लगाउने ।
- ञ) बैदेशिक तथा आन्तरिक संस्थाहरुसँग सम्बन्ध राख्दा आवश्यक संझौता गर्ने ।
- ट) संस्थाको हित सम्बन्धि अन्य  कार्य गर्ने गराउने ।

(२) उपाध्यक्षको काम, कर्तव्य अधिकार :

- क) अध्यक्षलाई सहयोग गर्ने ।
- ख) अध्यक्षको अनुपस्थितीमा निजको कार्य गर्ने ।

ग)  अध्यक्ष तथा कार्यसमितिले दिएको जिम्मेवारी पूरा गर्ने ।

(३) सचिवको काम कर्तव्य, र अधिकार :

क)  संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख)  अध्यक्षको निर्देशन अनुसार बैठक र साधारण सभा बोलाउने ।

ग)  अभिलेख सुरक्षित राख्ने ।

घ)  अध्यक्षले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

ङ)  अध्यक्षको निर्देशन अनुसार सम्वन्धित कार्य समिति वा साधारण सभाको बैठक बोलाउने ।

च)  कार्य समिति वा साधारण सभा बैठकको कार्यसूचि तयार गर्ने तथा आगामी वर्षको प्रस्तावित कार्यक्रम पेश गर्ने ।

(छ)  प्रगति प्रतिवेदन प्रस्तुत गर्ने

(४)  सहसचिवको काम, कर्तव्य र अधिकार

क)  महासचिवको अनुपस्थितिमा सचिवले गर्ने सम्पूर्ण काम गर्ने ।

ख)  संस्थाको उद्देश्य प्राप्तिका लागि सचिवलाई सक्रिय रुपले सहयोग गर्ने ।

ग)  महासचिव तथा कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

(५)  कोषाध्यक्षको काम कर्तव्य अधिकार

क)  संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख)  साधारणसभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग)  नियमित रुपमा बार्षिक लेखापरीक्षण गराउने ।

घ)  संस्थाको सम्पूर्ण आय व्ययको श्रेस्ता हिसाव किताव व्यवस्थित रुपमा राखी आर्थिक प्रशासनको पुर्ण दायित्व वहन गर्ने ।

ङ)  वार्षिक आय व्ययको हिसाव कार्य समिति तथा साधारण सभामा पेश गर्ने ।

च)  संस्थाको आीर्थक स्थितिलाई बलियो बनाउन हरतरहले प्रयत्नशिल रहने ।

छ)  तोकिएको अन्य कार्य गर्ने ।

(६) सदस्यहरुको काम, कर्तव्य र अधिकार

क)  समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख)  संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग)  अध्यक्षको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

**१८. <u>गणपुरक संख्या :</u>**

(१)  कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरुको उपस्थिती नभै साधारण सभाको काम कारवाही हुने छैन ।

(२)  तर विधानको दफा ११ को ५ मा उल्लेख भए बमोजिम, पुनः बोलाईएको साधारण सभामा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।

(३) दोश्रो पटक बोलाइएको साधारण सभामा पनि गणपुरक संख्या नपुगेमा तेश्रो पटक बोलाइएको साधारणसभामा उपस्थित संख्यालाई नै गणपुरक संख्या मानी सभा गर्न सकिनेछ ।

## परिच्छेद - ६

## आर्थिक व्यवस्था

**१९. संस्थाको कोष :**

(१) संस्थाको आफ्नो छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम ।

(घ) विदेशी संस्था व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

(च) सामाजिक सेवा तथा मनोरञ्जन कार्यबाट प्राप्त रकम ।

(छ) नेपाल सरकार वा कुनै सरकारी निकायबाट प्राप्त अनुदान तथा अन्य रकम ।

(२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले समाज कल्याण ऐन २०४९ को दफा १६ बमोजिम समाज कल्याण परिषदको स्वीकृति लिनुपर्ने छ ।

(३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**२०. खाता संचालन :**

(१) संस्थाले आर्थिक कारोवारहरु गर्नको लागि संस्थाको नाममा एक बैंक खाता खोलिनेछ र बैंकिंग कारोवार मार्फत सम्पूर्ण कारोवारहरु गरिनेछ । प्रचलित ऐन नियम र पद्धति अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

(२) संस्थाको बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष (अनिवार्य) मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट संचालन हुनेछ । तर, संस्थाले संचालन गर्ने परियोजना वा कार्यक्रमहरुको हकमा भने परियोजना वा कार्यक्रम हेर्ने प्रमुख व्यक्ति र कोषाध्यक्षको दस्तखत हुने ब्यवस्था गरिने छ ।

**२१. कोषको रकम खर्च गर्ने तरिका :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ :

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

**२२. संस्थाको लेखा र लेखा परिक्षण :**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जाँच गर्न गराउन सक्नेछ ।

(४) लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगतिको विवरणको १,१ प्रति स्थानीय अधिकारी, जिल्ला विकास समिति, र सम्वन्धित निकायमा पेश गरिनेछ ।

# परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धि व्यवस्था

**२३. निर्वाचन सम्बन्धी व्यवस्था :**

निर्वाचन सम्बन्धी व्यवस्था निम्न बमोजिम हुनेछ :

(१) कार्यसमितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिको निर्णय अनुसार गठन गरिनेछ ।

(२) निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधी आफै व्यवस्थित गर्नेछ ।

(३) निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

(४) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४. उम्मेदवार हुने योग्यता :**

कार्य समितिको उम्मेदवार हुन देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) संस्थाको साधारण, संस्थापक वा आजीवन सदस्य भएको हुनुपर्नेछ ।

(ख) वार्षिक शुल्क बुझाएको हुनुपर्नेछ ।

(ग) नियम अनुसार दर्खास्त दिएको हुनुपर्नेछ ।

(घ) निर्वाचन अधिकृत, संस्थामा नियुक्त वैतनिक कर्मचारी कुनै तहमा उम्मेदवार हुन सक्ने छैन ।

(ङ) संस्थाको कुनै पनि सदस्य कुनै एक पदमा बढीमा २ कार्यकालसम्म मात्र रहन सक्नेछ ।

**२५. अविश्वासको प्रस्ताव :**

(१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

  क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्दछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

ग) साधारण सभा सदस्यहरु मध्ये कम्तीमा १/४ (एक चौथाइ) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनुपर्छ ।

(२) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ बमोजिम साधारण वा विशेष साभारण सभा बस्ने सूचना दिईनेछ ।

(३) <u>अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :</u>

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरुमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत साधारण सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उप-दफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उप दफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो । अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिईनेछ ।

(४) <u>अविश्वासको प्रस्ताव माथि निर्णय :</u>

(क) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्ताव बहुमत पक्ष वा विपक्षमा छ भने निर्णयका लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

- अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा
- साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(ख) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पदमुक्त हुनेछ ।

(ग) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाईने छैन ।

## २६. <u>विधान संशोधन :</u>

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२७. नियम बनाउन सक्ने :**

(१) संस्थाले आफनो कार्य सम्पादन गर्ने सन्दर्भमा विधानको अधिनमा रही आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारणसभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सोको जानकारी दिनु पर्नेछ ।

(२) यो विधान र विधान अर्न्तगत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको व्यवस्था :**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संञ्चालन गर्ने कार्यान्वयन विदेशी सल्लाहकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पु¥याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराईनेछ ।

**२९. संस्था खारेजी :**

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव गरी संस्था खारेजी हुन सक्नेछ ।

(२) उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाको खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नाको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रामिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(४) यसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी हुने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३०. व्याख्या :**

यो विधान र विधान अर्न्तगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३१. गोप्यता भंग गर्न नहुने :**

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यहरुले बैठक वा सधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

**३२. ऐन अनुसार हुने :**

यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम र प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन् ।

**३३. निर्देशनको पालना** :

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

**३४. तदर्थ समिति** :

(१) यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

(२) प्रथम पल्ट निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरु यसै बिधान सरह भएको मानिनेछ ।

**३५. बिशेष :**

(१) कर्तब्य पालनको सिलसिलामा नेपालको अखण्डता, सार्वभौमिकता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरो गरिने छैन ।

हामी संस्थाका निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

| **संस्थापकको नाम, थर, र ठेगाना,** | **साक्षीको नाम, थर, वतन, र सहिछाप** |
|---|---|
| द.<br>१. नाम थर : दया सागर श्रेष्ठ<br>स्थायी ठेगाना : धुलिखेल नगरपालिका-५ काभ्रे | द.<br>१. नाम थर : युवराज प्याकुरेल<br>ठेगाना : पात्लेखेत गाविस-६, काभ्रे |
| द.<br>२. नाम थर : हरी शरण दाहाल<br>स्थायी ठेगाना : देवीटार-४, काभ्रे | द.<br>१. नाम थर : तेज नेपाली<br>ठेगाना : बनेपा नगरपालिका-४, काभ्रे |
| द.<br>३. नाम थर : रीता मानन्धर<br>स्थायी ठेगाना : धुलिखेल नगरपालिका-८, काभ्रे | द.<br>१. नाम थर : गणेश दनुवार<br>ठेगाना : पाँचखाल नगरपालिका-३, काभ्रे |
| द.<br>४. नाम थर : रवि वेंजू<br>ठेगाना : धुलिखेल नगरपालिका-३, काभ्रे | द.<br>१. नाम थर : मुस्कान श्रेष्ठ<br>ठेगाना : धुलिखेल नगरपालिका-३, काभ्रे |
| द.<br>५. नाम थर : टोम प्रसाद सापकोटा<br>ठेगाना : महादेवस्थान गाविस-७, काभ्रे | द.<br>१. नाम थर : सुदर्शन पौडेल<br>ठेगाना : महादेवस्थान गाविस-७, काभ्रे |
| द.<br>६. नाम थर : भास्कर ब्याँजू श्रेष्ठ<br>ठेगाना : धुलिखेल नगरपालिका-३, काभ्रे | द.<br>१. नाम थर : लता श्रेष्ठ<br>ठेगाना : धुलिखेल नगरपालिका-३, काभ्रे |
| द.<br>७. नाम थर : रमिला होमागाई<br>ठेगाना : धुलिखेल नगरपालिका-१, काभ्रे | द.<br>१. नाम थर : यसोदा सुवाल<br>ठेगाना : धुलिखेल नगरपालिका-५, काभ्रे |
| द.<br>८. नाम थर : गंगा दोङ तामाङ<br>ठेगाना : ज्याम्दी गाविस-७, काभ्रे | द.<br>१. नाम थर : चीन काजी तामाङ<br>ठेगाना : खरेलथोक गाविस-६, काभ्रे |

| | |
|---|---|
| द.<br>९. नाम थर : गीता थापा<br>ठेगाना : पनौती नगरपालिका-८, काभ्रे | द.<br>१. नाम थर : अनिता हुमागाई<br>ठेगाना : शारदा बतासे गाविस-४, काभ्रे |
| द.<br>१०. नाम थर : निर्मल राज गौतम<br>ठेगाना : गैरी बिसौना देउपुर-५, काभ्रे | द.<br>१. नाम थर : उमेश सापकोटा<br>ठेगाना : महादेवस्थान गाविस-७, काभ्रे |
| द.<br>११. नाम थर : गिता रसाइली<br>ठेगाना : पोखरीचौरी गाविस, काभ्रे | द.<br>१. नाम थर : मोतीलाल लामा<br>ठेगाना : भुम्लुटार गाविस, काभ्रे |
| द.<br>१२. नाम थर : छविलाल चौलागाई<br>ठेगाना : कार्तिके देउराली -७, काभ्रे | द.<br>१. नाम थर : रामबहादुर तामाङ<br>ठेगाना : चण्डेनी मण्डन गाविस -७ काभ्रे |
| द.<br>१३. नाम थर : युवाराज प्याकुरेल<br>ठेगाना : पात्लेखेत -६ काभ्रे | द.<br>१. नाम थर : उत्सव प्याकुरेल<br>ठेगाना : पात्लेखेत -६ काभ्रे |

अनुससूची - १

संस्थाको छाप र चिन्ह विवरण

Achieving Sustainable Development